बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ

# कार्यपालिकाको विस्तृत कार्य विवरण
२०७६

प्रतिवेदक:
उन्नती रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर, प्रा. लि.
काठमाडौं

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ

# कार्यपालिकाको विस्तृत कार्य बिवरण
२०७६

प्रतिवेदक:
उन्नती रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर, प्रा. लि.
काठमाडौं

विषयसूची :


पृष्ठभूमी: ........ १
कानूनी पृष्ठभुमी: ........ २
गाउँपालिकाको संक्षिप्त परिचय: ........ ४
गाउँ पालिकाको सोच तथा प्रथामिकताहरुः ........ ४
सार्वजनिक प्रशासन र सुशासन सम्बन्धी नीतिः ........ ५
सार्बजनिक प्रशासन र सुशासन ........ ५
प्राथमिकता क्षेत्रः ........ ६
१) आर्थिक विकास ........ ६
२) सामाजिक विकास : ........ ६
३) पुर्वाधार विकास : ........ ६
४) वन, वातावरण तथा विपद् व्यवस्थापन : ........ ६
५) सुशासन तथा संस्थागत विकास : ........ ६
प्रशासकीय संगठन संरचना र कर्मचारी दरवन्दी : ........ ६
बबई गाउँपालिका, गाउँ कार्यपालिकाको संगठन संरचना ........ ८
गाउँ कार्यपालिकाको दरवन्दी तेरिजः ........ ९
गाउँ कार्यपालिकामा रहने विभिन्न शाखाहरु र सम्पादन हुने कार्य विवरणः ........ १०
प्रशासन, योजना तथा अनुगमन शाखा ........ १०
प्रशासन इकाइ ........ १०
राजश्व इकाइ ........ ११
योजना तथा अनुगमन ईकाई ........ १३
कानूनी मामिला इकाई ........ १३
वडा कार्यालय ........ १४
वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः ........ १४
वडाका विकास निर्माणका कार्यहरु गर्नेः ........ १५
अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने ........ १८
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा ........ २१
सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास इकाइ ........ २१
भवन तथा मापदण्ड कार्यान्वयन इकाई ........ २२
वातावरण तथा विपद व्यवस्थापन इकाई ........ २४

सामाजिक विकास शाखा ........ २५
सामाजिक सुरक्षा तथा पंजिकरण इकाई ........ २५
महिला, वालवालिका तथा समाज कल्याण इकाई ........ २५
स्वास्थ्य इकाई ........ २७
शिक्षा, युवा तथा खेलकुद शाखा ........ २९
कृषि सेवा केन्द्र ........ ३०
पशुपंक्षी सेवा केन्द्र ........ ३१
आर्थिक प्रशासन शाखा ........ ३२
आन्तरीक लेखा परीक्षण ईकाई ........ ३२
अन्य विविध कार्य ........ ३३
आर्थिक विकास प्रवर्द्धन सम्बन्धी कार्य ........ ३३
उद्योग र खानी तथा खनिज पदार्थ संरक्षण ........ ३३
उद्योग सम्बन्धी कार्य ........ ३३
खानी तथा खनिज ........ ३४
सहकारी सम्बन्धी कार्य ........ ३४
वन, वन्यजन्तु, भू–संरक्षण सम्बन्धी कार्य ........ ३४
वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण सम्बन्धी कार्य ........ ३६
अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाको काम, कर्तव्य र अधिकार ........ ३७
अध्यक्षको काम, कर्तव्य र अधिकारः ........ ३७
उपाध्यक्षको काम, कर्तव्य र अधिकार ........ ३७
वडा अध्यक्षको काम, कर्तव्य र अधिकार : ........ ३८
कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकार : ........ ३९
विभिन्न समितिहरुको काम कर्तव्य र अधिकारहरुः ........ ४०
राजश्व समितिः ........ ४०
विधायन समितिः ........ ४१
सुशासन समितिः ........ ४२
अन्य समितिहरुः ........ ४३
भवन व्यवस्था समिति : ........ ४३
सूचना प्रविधी समिति : ........ ४४
सम्पदा तथा पर्यटन समितिः ........ ४५

आर्थिक विकास समितिः ........ ४६
सामाजिक विकास समितिः ........ ४७
पूर्वाधार विकास समितिः ........ ४८
वातावरण तथा विपद् व्यवस्थापन समितिः ........ ४९
गाउँपालिकाको काम, कर्तव्य र अधिकार ........ ५२
गाउँपालिकाको अधिकार : ........ ५२
गाउँ प्रहरी ........ ५२
सहकारी संस्था ........ ५३
एफ.एम. सञ्चालन ........ ५३
स्थानीय कर, सेवा शुल्क तथा दस्तुर ........ ५३
स्थानीय सेवाको व्यवस्थापन ........ ५४
स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन ........ ५५
स्थानीयस्तरका विकास आयोजना तथा परियोजना ........ ५५
आधारभूत र माध्यमिक शिक्षा ........ ५६
आधारभूत स्वास्थ्य र सरसफाई ........ ५८
स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता ........ ५९
स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ ........ ६०
गाउँ सभा, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ........ ६०
स्थानीय अभिलेख व्यवस्थापन ........ ६१
जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण ........ ६२
कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी ........ ६२
जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन ........ ६३
बेरोजगारको तथ्याङ्क सङ्कलन ........ ६४
कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण ........ ६४
खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा ........ ६५
विपद् व्यवस्थापन ........ ६५
जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण ........ ६६
भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ........ ६७
गाउँपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार ........ ६७
खेलकुद र पत्रपत्रिका ........ ६७

स्वास्थ्य ........ ६८
विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू ........ ६९
सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क ........ ६९
वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता ........ ६९
सामाजिक सुरक्षा र गरिबी निवारण ........ ७१
व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क ........ ७१
सुकुम्बासी व्यवस्थापन ........ ७२
प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी ........ ७२
सवारी साधन अनुमति ........ ७२
गाउँ पालिकाका अन्य काम, कर्तव्य र अधिकार ........ ७२
भूमि व्यवस्थापन ........ ७२
सञ्चार सेवा ........ ७३
यातायात सेवा ........ ७३
लघु, घरेलु तथा साना उद्योग ........ ७३
न्यूनतम दररेट निर्धारण गर्ने : ........ ७३
योजना तर्जुमा तथा कार्यान्वयन ........ ७४
वडा समितिको काम, कर्तव्य र अधिकारः ........ ७५
क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन ........ ७५
ख. तथ्याङ्क अद्यावधिक तथा संरक्षण ........ ७५
ग. विकास कार्य ........ ७६
घ. नियमन कार्य ........ ७८
न्यायिक समितिको निर्णय गर्ने अधिकारको प्रयोग ........ ७९
न्यायिक समितिको अधिकारक्षेत्र : ........ ७९
निष्कर्ष : ........ ८१
सन्धर्भ सामाग्रीहरु ........ ८२

पृष्ठभूमी:

नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा, नेपालको संविधान २०७२ ले परिकल्पना गरेको छ। संविधानमा मूलत: तीन तहको सरकारको परिकल्पना गरिएको छ। सवै भन्दा नागरिकको नजिकमा रहेर सेवा प्रवाह गर्ने सरकारको रुपमा स्थानीय सरकारको परिकल्पना गरिएको सन्धर्भमा नेपालमा ७५३ वटा स्थानीय सरकारको गठन गरीएको छ। हाल सबै स्थानीय तहमा जन निर्वाचित जन प्रतिनिधिहरुले कार्यभार सम्हाली रहेको अवस्था छ। संवैधानिक रुपमा स्थानीय तहले सम्पादन गर्नु पर्ने विभिन्न कार्यका लागि संवैधानिक रुपमा स्थानीय तहको एकल र साझा अधिकारको स्पष्ट व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार को व्यवस्था गरेको छ भने दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारको कानूनी व्यवस्था गरिएको छ ।

संवैधानिक एवं कानूनी रुपमा व्यवस्था भएका, स्थानीय तहको काम, कर्तव्य र अधिकारको जिम्मेवारी पुरा गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, कर्मचारी समायोजन ऐन २०७५ को दफा ३ को कानूनी व्यवस्था अनुरुप कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि स्थानीय तहको संगठन संरचना र कर्मचारी दरवन्दी स्वीकृति गर्ने सक्ने व्यवस्था अनुरुप नेपाल सरकारले मिति २०७५ पौष ९ गते अन्तिम **अन्तरिम स्थानीय तहको संगठन संरचना र दरवन्दी स्वीकृत** गरेको छ।

कर्मचारी समायोन पश्चात मात्र स्थानीय तहले आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई समेत ध्यानमा राखी वडाको समेत संगठन संरचना र दरवन्दी कायम हुने गरि संगठन तथा व्यवस्थापन सर्भेक्षण गरि, गाउँपालिकाले विषयगत शाखा वा माहाशाखा कायम हुने गरि संगठन संरचना बनाई गाउँ सभाबाट स्वीकृत गरि लागु गर्न सक्ने व्यवस्था स्थानीय सरकार सञ्चलान ऐनको दफा ८३ मा गरिएको छ ।

हाल स्थानीय तहले सम्पादन गरि रहेका कार्यहरुको कार्यवोझका आधारमा भविष्यमा संगठन संरचना र दरवन्दी तेरिज कायय गर्न सहज हुने देखिन्छ भने हाल गाउँपालिकाले सम्पादन गर्दै आइरहेका सम्पूर्ण कार्यहरु समेटि यस कार्यपालिकाको विस्तृत कार्य विवरण तयार गर्नु पर्ने देखिन्छ ।

सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन विभिन्न शाखा तथा ईकाईहरुले विभिन्न कार्य सम्पादन गर्नु पर्ने हुन्छ। यसरी विभिन्न कार्यहरु कसले र कुन शाखाले गर्ने, सोको लिखित कार्य विवरण अत्यावश्यक हुन आउँछ । लिखित कार्य विवरण भएमा मात्र सेवा प्रवाहमा एकरुपता कायम हुने, स्पष्ट कार्य जिम्मेवारी दिन सकिने, कार्य सम्पादन मूल्याङ्कन प्रभावकारी बनाउन सकिन्छ। हाल स्थानीयतहले सम्पादन गर्दै आइरहेका कार्यहरुको कार्यपालिकाका विभिन्न इकाइहरुमा यथोचित बाँडफाँड गर्नु पर्ने आवश्यक छ। भविष्यमा कार्यवोझका आधारमा संगठन संरचना र कर्मचारी दरवन्दी तय गर्न समेत यस विस्तृत कार्य विवरणले मद्दत पुग्ने देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई संवैधानिक रुपमा हस्तान्तरण भएका एकल र साझा अधिकार क्षेत्र भित्र रही सहकारीता, समन्वय र सहअस्तित्वको आधारमा पूर्ण स्वायत्तता सहितको नेतृत्वदायी भुमिका निर्वाह गर्नु पर्ने दायित्व र जिम्मेवारीहरु प्रदान गरेको छ । त्यसका लागि स्थानीय सरकारहरुको राजनीतिक, प्रशासकीय एवं मानवीय क्षमतालाई अभिबृद्धि गर्नु नितान्त आवश्यक छ ।

कानूनी पृष्ठभुमी:

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम १३ मा कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जस अनुसार कार्यालय प्रमुखको दफा १३ मा गरिएको पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था बाहेक तपसीलमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकार हुनेछ भनि व्यवस्था गरिएको छ ।

- आफू बहाल रहेको कार्यालय, मातहतका सरकारी निकाय वा आयोजनाको नियमित रुपमा स्थलगत निरीक्षण गर्ने वा गराउने, प्रगति विवरण माग गर्ने, समीक्षा गर्ने र त्यसरी समीक्षा गर्दा देखिएका समस्या समाधान गर्न पहल गर्ने वा आवश्यक निर्देशन दिने,
- आफू बहाल रहेको कार्यालय वा मातहत निकाय वा आयोजनाबाट कुनै उपयोगी, उदाहरणीय सृजनात्मक, अन्वेषणात्मक वा अनुसन्धनात्मक कार्य भइरहेको छ भन्ने कुराको कुनै स्रोतबाट जानकारी प्राप्त हुन आएमा वा निरीक्षणबाट सो कुरा देखिन आएमा सम्बन्धित पदाधिकारीलाई आवश्यकता अनुसार प्रोत्साहन गर्ने वा गराउने,
- आफू बहाल रहेको कार्यालय वा मातहत निकाय वा आयोजनाबाट प्रचलित कानून, नेपाल सरकारको नीति, कार्यक्रम वा निर्णयको विपरित कुनै कार्य भइरहेको छ भन्ने कुनै स्रोतबाट जानकारी प्राप्त हुन आएमा वा निरीक्षणबाट सो कुरा देखिन आएमा त्यस्तो कार्य हुन नदिन वा हुनबाट रोक्न सम्बन्धित पदाधिकारीको ध्यानाकर्षण गर्ने वा गराउने,
- मातहत निकायहरुको प्रशासनिक काम कारबाहीलाई समन्यय गर्ने वा गराउने ।

सोही नियमावलीको नियम ३७ मा गरिएको व्यवस्था अनुसार, कर्मचारी र कामको उचित बाँडफाँडको व्यवस्था मिलाउनेः

- नियमावलीले तोकिएको अवधिभित्र कुनै कर्मचारीबाट कार्य फछ्र्यौट गर्न लगाउँदा सम्बन्धित कार्यालय प्रमुखले सोही नियममा तोकिएको अवधिभित्र फछ्र्यौट हुन सक्ने गरी आफ्नो कार्यालयका विभिन्न तहका कर्मचारीबाट कार्य फछ्र्यौट हुने व्यवस्था मिलाउनु पर्नेछ ।

यसरी सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली २०६५ ले समेत व्यवस्था गरेको, समयमै कार्य सम्पादन गरि नागरिकलाई सरल र सहज सेवा प्रदान गर्नका लागि हाल स्थानीय तहमा भएका विभिन्न कार्यहरुलाई यथोचित बाँडफाँड गरि, लिखित रुपमा कार्य जिम्मेवारी तोकी जनमुखी

सेवा प्रवाहको व्यवस्था मिलाउन आवश्यक दिखिन्छ, जुन कार्यमा विस्तृत कार्य विवरणले महत्वपूर्ण भूमीका खेल्ने देखिन्छ ।

हाल स्थानीय तहले सम्पादन गर्दै आईरहेका विभिन्न कार्यहरुलाई समुहीकृत गरि, अन्तरिम संगठन संरचना अनुसार विभिन्न ईकाईहरुमा बाँडफाँड गरेर, विभिन्न समितिहरुको समेत स्पष्ट कार्य विवरण तयार गरी लागु गरेमा मात्र स्थानीय सरकारले समेत कानूनी प्रावधानको कार्यान्वनमा अग्रसर हुने देखिन्छ भने प्रचलित ऐन, कानून र अन्तरिम संगठन संरचनाको आधारमा आधारित भई कार्यापालिकाको विस्तृत कार्य विवरण तयारी गरिएको हो ।

गाउँपालिकाको संक्षिप्त परिचय:

बबई गाउँपालिका ५ नं. प्रदेश अन्तर्गतको दांग जिल्लामा रहेको छ। गाउँपालिका जिल्ला सदरमुकाम घोराही देखि ४६ किलोमीटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँ पालिका, पश्चिममा बाँके जिल्ला र सल्यान जिल्ला उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगिसरण गाउँपालिका र बाँके जिल्ला रहेको छ । यो गाउँपालिका साबिकका पुरन्धारा र पंचकुले गा.वि.स.हरु मिलाएर गठन गरिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल २५७.४७ वर्ग किलोमिटर रहेको छ । २०६८ सालको जनगणना अनुसार यहाँको कूल जनसंख्या २८००० रहेको छ। गाउँपालिकामा जम्मा ७ बटा वडाहरु रहेका छन् । गाउँपालिका समुद्र सतह देखि ६७६ मीटरको उचाइमा रहेको छ। यस गाउँ पालिकामा बाहुन, क्षेत्री ,दलित, चौधरी लगायतका जातीको बाहुल्यता रहेको छ। गाउँपालिकामा अधिकाँश (करिव ९०%) हिन्दु धर्मावलम्बीहरु रहेका छन । गाउँपालिकाका बेलिने मुख्य भाषाहरुमा नेपाली र थारु भाषा रहेका छन । गाउँपालिका क्षेत्रभित्र खेतीपातीका लागि उपयुक्त उर्बर भुमि रहेको छ ।

गाउँ पालिकाको सोच तथा प्रथामिकताहरु:

गाउँपालिकाले अबलम्वन गर्ने नीति तथा कार्यक्रमहरुमा तपसील बमोजिमका सोच तथा नीति अवलम्बन गरेको छ ।

सार्वजनिक प्रशासन र सुशासन सम्बन्धी नीति:

बबई गाउँपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा सार्वजिनक गरेको नीति तथा कार्यक्रम अनुसार अख्तियार गर्ने नीति निम्नानुसरा रहेको पाईयो ।

सार्वजनिक प्रशासन र सुशासन

- कर्मचारी समायोजनपछि सांगठनिक तथा दरबन्दी सर्वेक्षण गरी सार्बजसनक सेवा प्रबाहलाई प्रभावकारी बनाइने छ ।
- कर्मचारीहरुको क्षमता बिस्तार गर्न तालिमको ब्यबस्था गरिने छ ।
- संघीय सरकारले लागु गरेको सदाचार नीतिलाई कार्यान्वयन गरी अनुगमन गरिने छ । भ्रष्टाचारप्रतिको शुन्य सहनशिलतालाई संस्कारको रुपमा विकास गरिने छ । बबई गाउँपालिका क्षेत्रलाई भ्रष्टाचारमुक्त क्षेत्रका रुपमा विकास गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सहकार्य गरिने छ ।
- गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रबिधीमैत्री बनाउन इ—गभर्नेन्सको नीतिलाई अवलम्बन गरिने छ ।
- उत्कृष्ट कार्य गर्ने कर्मचारी, उपभोक्ता समिति लगायत सेवामुलक कार्यमा संलग्न सबैलाई पुरस्कृत र सम्मानित गरिने छ । जनताको सुचनाको हकलाई स्थापित गर्न सेवाग्राहीले मागेका सुचनालाई समयमै उपलब्ध गराइनेछ ।
- नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता, संघीय तथा प्रदेश सरकारले निर्धारण, गरेका प्राथमिकता र दीगो विकास लक्ष्य प्राप्त गर्नेगरी स्थानीय स्तरमा नीति, रणनीति, कार्यक्रम र कार्ययोजना बनाई आवश्यक कार्य गरिनेछ ।
- उपभोक्ता समितिले अनिवार्य रुपमा विकास निर्माण चुस्त दुरुस्त रुपमा सम्पन्न गर्छु भनी सपथ लिनुपर्ने र निर्माण गरेको संरचना ३ वर्षभित्र भत्केमा त्यसको मर्मत सम्भारको जिम्मेवारी स्वयम् उपभोक्ता समितिले लिनुपर्नेछ ।

- लोक सेवा आयोगले सञ्चालन गर्ने परिक्षामा दलित, अपांग, महिला तथा जनजातीको सहभागीता बढाउन लोक सेवा तयारी कक्षाहरु सञ्चालन गरिने छ ।

सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीलाई सुशासनको अनुभुती दिलाउन सुशासन सम्बन्धी लक्ष्य लिईएको छ ।

प्राथमिकता क्षेत्रः

१) आर्थिक विकास : कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी वित्तिय क्षेत्र ।

२) सामाजिक विकास : शिक्षा, स्वास्थ्य, खानीपानी तथा सरसफाई संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङता भएका व्यक्ति, दलित आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडा वर्ग आदिको प्रवर्द्धन)

३) पुर्वाधार विकास : सडक तथा पुल सिंचाइ, शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार क्षेत्र समावेश गर्ने ।

४) वन, वातावरण तथा विपद् व्यवस्थापन : वन तथा भूसंरक्षण, जलाधार, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन

५) सुशासन तथा संस्थागत विकास : मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछर्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय।


प्रशासकीय संगठन संरचना र कर्मचारी दरवन्दी :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को व्यवस्था अनुसार, गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोन भएपछि मात्र संगठन तथा व्यवस्थापन

सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्नेछ भनी स्पष्ट व्यवस्था गरेको छ । यसरी तयार पारिने संगठन संरचनामा हरेक वडाको संगठन संरचना समेत समावेश भएको हुनु पर्नेछ भनि व्यवस्था गरिएको छ ।

स्थानीय तहले माथि उल्लेखित आधारमा आफ्नो प्रशासकीय संगठन संरचना र दरवन्दी तेरिज तर्जुमा गरि आफ्नो सभाबाट स्वीकृत गराई लागु गर्न सक्नेछ। तर हाल हाल कर्मचारी समायोजन प्रक्रियमा रहेको र समायोजन प्रक्रियाले पूर्णता पाई नसकेको अवस्थामा नेपाल सरकारले कर्मचारी समायोजन ऐनको दफा ३ को कानूनी व्यवस्था अनुरुप कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि स्थानीय तहको संगठन संरचना र कर्मचारी दरवन्दी नेपाल सरकारले मिति २०७५ पौष ९ गते अन्तरिम स्थानीय तहको संगठन संरचना र दरवन्दी स्वीकृत गरेको छ । यसरी स्वीकृत गरिएको संगठन संरचना र दरवन्दी तेरिज तपसील बमोजिम रहेको छ ।

## बबई गाउँपालिका, गाउँ कार्यपालिकाको संगठन संरचना



नाडैं कार्यपालिकाको दरवन्दी तेरिज:

| क्र सं | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा. प्र. | | १ | | ० | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि. प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ७/८ औं | कृषि | एग्रो | | १ | | १ | |
| ६ | अधिकृत | ७/८ औं | कृषि | लापोडेडे | | १ | | १ | |
| ७ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ८ | आन्तरिक लेखा परिक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ९ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| १० | सहायक | ५ औं | कृषि | एग्रो | | २ | | २ | |
| ११ | सहायक | ५ औं | कृषि | भेट | | १ | | १ | |
| १२ | सहायक | ५ औं | कृषि | लापोडेडे | | १ | | १ | |
| १३ | कम्प्युटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| १४ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १५ | प्रा.स. | ५ औं | शिक्षा | शि. प्र. | | १ | | १ | |
| १६ | हे. अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १७ | सव-इन्जनियर | ५ औं | इन्जि | सिभिल | | २ | | २ | |
| १८ | अ. सव-इन्जनियर | चौथो | इन्जि | सिभिल | | १ | | १ | |
| १९ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| २० | सहायक | चौथो | कृषि | एग्रो | | १ | | १ | |
| २१ | सहायक | चौथो | कृषि | भेट | | १ | | १ | |
| २२ | सहायक | चौथो | कृषि | लापोडेडे | | १ | | १ | |
| २३ | खा.पा.स.टे. | चौथौ/ पाचौं | इन्जि | सिभिल | स्यानिटरी | १ | | १ | |
| | | | | | कार्यालय तर्फ जम्मा | २९ | ० | २८ | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| वडा कार्यालयहरु (७ वटा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | १ | २ | |
| २ | सव-इन्जनियर | ५ औं | इन्जि | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | २ | २ | |
| ४ | अ. सव-इन्जनियर | चौथो | इन्जि | सिभिल | | ४ | | ४ | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | १४ | ३ | ११ | |
| कुल जम्मा | | | | | | ४३ | | ४२ | |

नेपाल सरकारले गरेको अन्तरिम संगठन संरचना अनुसार बबई गाउँ कार्यपालिकामा तपसील बमोजिमका शाखा तथा उपशाखाहरुको व्यवस्था गरिएको छ ।यसरी ती शाखा तथा इकाइहरुले सम्पादन गर्नु पर्ने कार्यहरु तपसील बमोजिम रहेको छ ।

गाउँ कार्यपालिकामा रहने विभिन्न शाखाहरु र सम्पादन हुने कार्य विवरण:

हाल नेपाल सरकार द्वारा स्वीकृत अन्तरिम संगठन संरचना र दरवन्दी तेरिज अनुसार बबई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रहने विभिन्न शाखाहरु र ती शाखाहरुबाट सम्पादन गरिने कार्यहरु तपसील बमोजिम व्याख्या गरिएको छ ।

प्रशासन, योजना तथा अनुगमन शाखा

प्रशासन इकाइ

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन ।
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।
- गाउँ पालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन